नेपाल सरकार

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, काठमाडौं

# जेष्ठ पत्रकार वृत्तिका लागि निवेदन माग गरिएको सूचना

**सूचना नं.:- ०२/२०८१/८२, पहिलो पटक प्रकाशित मितिः २०८१/०८/०६ गते**

पत्रकार वृतिकोष तथा सञ्चालन निर्देशिका, २०७५ तथा पत्रकार वृत्तिकोष सञ्चालन मापदण्ड, २०७८ बमोजिम पत्रकारिता क्षेत्रमा कार्यरत जेष्ठ तथा द्वन्द्वपीडित पत्रकार र द्वन्द्वमा परी मृत्यु भएका पत्रकारहरूको परिवारका सदस्यहरूलाई मासिक वृत्ति प्रदान गर्ने प्रयोजनका लागि तपसिल बमोजिमको कागजातसहित सूचना प्रकाशन भएको मितिले ४० (चालीस) दिन (मिति २०८१ पुस १६ गते) भित्र सूचना तथा प्रसारण विभागमा लिखित तथा अनलाइन माध्यमबाट निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२. शैक्षिक योग्यताको प्रमाणपत्र (नागरिकताको प्रमाणपत्रमा स्पष्ट जन्ममिति नखुलेको हकमा)।
३. तीस वर्षसम्म निरन्तर पत्रकारिता गरेको पुष्टि हुने कागजात।
४. सङ्घीय इकाईका तीनै तहबाट कुनै पनि प्रकारको आर्थिक तथा भौतिक सहयोग प्राप्त नगरेको भनी सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित भई आएको कागजात।
५. सहयोगका लागि नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालय वा जिल्ला शाखाको सिफारिस पत्र।
६. नेपालको सरकारी पदबाट निवृत्त भई वा हाल कुनै लाभको पदमा नेपाल सरकारद्वारा नियुक्त भई कुनै प्रकारको सेवा सुविधा प्राप्त नगरेको भनि स्वघोषणा।
७. द्वन्द्वपीडितको हकमा द्वन्द्वपीडित हो भनी खुलाउने प्रमाणित कागजात।
८. सूचना तथा प्रसारण विभागबाट जारी भएको प्रेस प्रतिनिधि प्रमाणपत्र।
९. https://forms.gle/iWBA236UpYHycN1x8 बाट तथा माथिको QR Scan गरी Google Form बाट निवेदन दिन सकिनेछ।
१०. doibbritikosh@gmail.com मा इमेल गरेर पनि निवेदन पठाउन सकिनेछ। विस्तृत जानकारी विभागको वेभसाइट www.doib.gov.np मा रहेको छ।